# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

डोरमुकाम, पाँचथर

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौँ, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७४/७५
च.नं. ९४

मिति: २०७४।०८।०३

विषय: लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री कार्यालय प्रमुखज्यू,
याङ्वरक गाउँपालिकाको कार्यालय,
थर्पु, पाँचथर ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस गाउँपालिकाको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४।७।२० मा छलफल पश्चात् तयार गरिएको पाना ७ (सात) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारवाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

(नारायण मरासिनी)
निर्देशक

बोधार्थ तथा कार्यार्थ:
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरबार, काठमाडौं:- प्रतिवेदन संलग्न छ ।

श्री जिल्ला समन्वय समितिको कार्यालय,
पाँचथर :- प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
पाँचथर :- प्रतिवेदन संलग्न छ ।

SA प्र.अ.
आवश्यक कारवाही गर्ने ।
२०७४।०८।२०

# याङ्वरक गाउँपालिका
## आर्थिक कारोबारको स्थिति
## २०७३।७४

| विवरण | | नाम | कार्यरत अवधि | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| याङ्वरक गाउँपालिकाको कार्यालय | कार्यालय प्रमुख: | श्री डम्बर आङ्देम्बे | ०७३ फाल्गुन | ०७४ आषाढ | ३४८६१०६.०० |
| | लेखा प्रमुख: | श्री सुजेन हाङ लिम्बु | ०७३ फाल्गुन | ०७४ आषाढ | |
| साविक ओयाम गा.वि.स | कार्यालय प्रमुख | सचिव, श्री भूपराज अधिकारी | ०७३ श्रावण | ०७४ आषाढ | |
| साविक च्याङ्थापू गा.वि.स | कार्यालय प्रमुख | सचिव, श्री हेमराज अधिकारी | ०७३ श्रावण | ०७४ आषाढ | |
| साविक फलैचा गा.वि.स | कार्यालय प्रमुख | सचिव, श्री अमृत ब. थापा | ०७३ श्रावण | ०७४ आषाढ | |
| साविक थर्पु गा.वि.स | कार्यालय प्रमुख | सचिव, श्री कुमारी तामाङ्ग | ०७३ श्रावण | ०७४ आषाढ | |
| साविक नागी गा.वि.स | कार्यालय प्रमुख | सचिव, श्री राजेन्द्र भट्टराई | ०७३ श्रावण | ०७४ आषाढ | |

## एकीकृत आय-व्ययको विवरण
### २०७३।४।१ देखि २०७४ आषाढ मसान्तसम्म

| क्र.सं. | आय | | | | व्यय | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | | | | | मौजदात/जि.वि.स.फिर्ता | | |
| क | साविक गाउँविकास समितितर्फ (०७३/४/१ देखि ११/२७ गते) | साविक जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा | खर्च | फिर्ता | आन्तरिक श्रोत | जम्मा |
| १ | फलैचा गाउँ विकास समिति | १८७५०.०० | ५७९३१९५.०० | ५८११९४५.०० | ४९२३७७१.०० | ८८३१२४.०० | ५०५०.०० | ५८११९४५.०० |
| २ | नागी गाउँ विकास समिति | ४५७७१.०० | ७४९२९५८.०० | ७५३८७२९.०० | ५९१९२५४.०० | १५७८४१४.०० | ४१०६१.०० | ७५३८७२९.०० |
| ३ | ओयाम गाउँ विकास समिति | ७९९७०.० | ६४८३०८०.० | ६५६३०५०.०० | ५६६१९०७.०० | ८०११७३.०० | ९१९७०.०० | ६५६३०५०.०० |
| ४ | च्याङथापु गाउँ विकास समिति | ८९४३०.०० | ५५३७३०७.०० | ५६२६७३७.०० | ४४९६१०७.५४ | १०१८६८६.४६ | १११९४३.०० | ५६२६७३७.०० |
| ५ | थर्पु गाउँ विकास समिति | ३५७६५८.२० | ७३९२६०७.०० | ७७५०२६५.२० | ६२३१३६३.०० | ११६९९६३.०० | ३४८९३९.२० | ७७५०२६५.२० |
| | जम्मा | ५९१५७९.२० | ३२६९९१४७.०० | ३३२९०७२६.२० | २७२३२४०२.५४ | ५४५१३६०.४६ | ५९८९६३.२० | ३३२९०७२६.२० |
| ख | याङवरक गाउँपालिका (०७३/११/२८ देखि ०७४/३/३० सम्म) | ५९८९६३.२० | ३२०१६१०८.४७ | ३२६१५०७१.६७ | २६५३१५४६.४६ | | ६०८३५२५.२१ | ३२६१५०७१.६७ |
| | जम्मा | ११९०५४२.४० | ६४७१५२५५.४७ | ६५९०५७९७.८७ | ५३७६३९४९.०० | ५४५१३६०.४६ | ६६८२४८८.४१ | ६५९०५७९७.८७ |

## लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

| दफा नं. | भौ.नं., मिति र व्यहोरा |
|---|---|
| | स्वीकृत लेखापरीक्षण योजना तथा कार्यक्रम अनुसार उपरोक्त कारोबारको स्रेस्ता लेखपरीक्षण गर्दा देखिएका व्यहोराहरु उपर कार्यालय प्रमुख, लेखा प्रमुख लगायतका पदाधिकारीसँग मिति २०७४।७।२० मा छलफल गरी यो प्रतिवेदन तयार पारिएको छ। लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्न अनुसार छन् : |
| | **वित्तीय लेखापरीक्षण** |
| १. | **मौज्दात रकम हस्तान्तरण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने उल्लेख छ। यस्तो अवस्थामा कार्यालय गाभिएको ३५ दिनभित्र नगदी बाँकी भए मन्त्रालय वा विभागले त्यस्तो नगद लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोवार हस्तान्तरण गर्न लगाएकोमा निम्न गा.वि.स.मा आन्तरिक स्रोततर्फ बाँकी रहेको रु. ५,९८,९६३.००।- गाउँपालिकामा हस्तान्तरण गरेको नदेखिँदा गाउँपालिकाको खातामा दाखिला गर्नुपर्ने देखिन्छ। |

| क्र.सं. | साविक गाउँ विकास समितिको नाम | मौज्दात रकम |
|---|---|---|
| १. | च्याङ्थापु गा.वि.स. | १,११,९४३.०० |
| २. | फलैचा गा.वि.स. | ५,०५०.०० |
| ३. | ओयाम गा.वि.स. | ९१,९७०.०० |
| ४. | थर्पु गा.वि.स. | ३,४८,९३९.०० |
| ५. | नागी गा.वि.स. | ४१,०६१.०० |
| | जम्मा: | ५,९८,९६३.०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा |
|---|---|
| | **कानूनको परिपालना** |
| २. | **संस्थागत शासन व्यवस्था, वित्तीय जवाफदेहिताको पालना** - आर्थिक कार्यविधी नियमावली,२०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन र तिनिहरूको पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ। सो सम्बन्धमा कार्यालयको वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व पालनाको स्थिती मूल्याङ्कन गर्दा निम्नानुसार रहेको पाइयो:<br>• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ बमोजिम तालुक कार्यालयबाट निरीक्षण गरेको छैन।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको छैन।<br>• कार्यक्रम सञ्चालनको अनुगमन तथा सुपरीवेक्षण उच्च तहबाट भएको छैन।<br>• अन्तिम लेखापरीक्षण हुनुपूर्व नै आन्तरिक लेखापरीक्षणको बेरुजू फछ्र्यौट गरेको छैन।<br>• आर्थिक कारोबारको संक्षिप्त वार्षिक प्रतिवेदन (अनुसूची-२११) तयार गरी तालुक कार्यालयमा पठाएको छैन,<br>• कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको,<br>• गाउँपालिका अन्तर्गत साविक गाउँ विकास समितिहरुले जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित गर्नुपर्नेमा सो गरेको छैन।<br>• खप्ने जिन्सी आम्दानीको संकेत प्रदान गर्ने गरेको देखिएन।<br>• म.ले.प.फा.नं.२ मा अभिलेख राख्ने गरेको देखिएन।<br>• जिन्सी हस्तान्तरण प्रक्रियामा आवश्यक प्रमाण संलग्न गरेको छैन।<br>• सेवा प्रवाहमा नागरिक सूचनाको लागि हेल्प डेस्क राखेको छैन।<br>• सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तरक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई |

लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने गरेको देखियो ।

- वार्षिक खरिद योजना तयार गरेको छैन ।
- सञ्चालित कार्यक्रमको तोकिएको समयमै अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन आंशिक रुपमा मात्र तयार गर्ने गरेको देखियो ।
- वार्षिक प्रगति प्रतिवेदन तयार गरी तालुक निकायमा पठाएको देखिएन ।

प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

## लेखापरीक्षणबाट देखिएको व्यहोरा

### याङबरक गाउँपालिका (२०७३ फागुन २८ देखि २०७४ आषाढसम्म) तर्फ

३. **जिन्सी सामानको संरक्षण एवं हस्तान्तरण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी सामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ । यसै गरी नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ ।

नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका गाउँ विकास समितिहरुलाई नयाँ संरचना अनुसार गाउँपालिकामा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाएको देखिएन ।

जिन्सी सामान हस्तान्तरण हुन नसक्दा लगत गोलमाल हुन सक्ने, सामानको दुरुपयोग हुन सक्ने र सामान हराउन सक्ने सम्भावना रहेको देखिँदा अविलम्ब निम्नानुसार साविक गाउँ विकास समितिमा रहेका सम्पूर्ण जिन्सी सामान लगत खडा गरी हाल गाभिएको गाउँपालिका वा मन्त्रालयले तोकेको सरकारी निकायमा दाखिला गर्नुपर्ने देखिन्छ ।

| क्र.सं. | साविकका गाउँ विकास समिति | गा.वि.स.गाभिएको गाउँपालिका |
|---|---|---|
| १. | च्याङ्थापु गा.वि.स. | याङबरक गाउँपालिका |
| २. | फलैंचा गा.वि.स. | |
| ३. | ओयाम गा.वि.स. | |
| ४. | थर्पु गा.वि.स. | |
| ५. | नागी गा.वि.स. | |

४. **बढी मौज्दात** - कार्यालयको स्रेस्ताभन्दा बैंकमा बढी देखिएको साविक गा.वि.स.हरुको खातामा रहेको कर्मचारी कल्याण कोष रकम रु.२,५४,९२९।- बढी देखिएको छ । बढी देखिनुमा गत विगत आर्थिक वर्षदेखि लेखापरीक्षण प्रतिवेदन अनुसार जिम्मेवारी भिडान नहुनु रहेको देखिन्छ । गाउँपालिकाले बैंकसंग मौज्दात रकम भिडान गरी साविक गा.वि.स.मा रहेको कर्मचारी कल्याण कोष रकम गाउँपालिकाले सारी एकीकृत गर्नुपर्ने देखिन्छ ।

५. **फरक कार्यक्रममा खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(३) अनुसार जुन कार्यक्रमको लागि बजेट स्वीकृत भएको हो सोही कार्यक्रममा खर्च गर्नुपर्दछ । वडा नं. १ को भौ.नं. ३० मिति २०७४/३/१७ बाट अ.स.ई कृष्ण प्रसाद खरेलले महादेव थान मन्दिर निर्माण कार्यको लागि रू.७४,२९४।–खर्च लेखेकोमा कृषि विकास कार्यक्रम अन्तर्गतको चिया नर्सरी कार्यक्रम तर्फबाट रू. ४९,२९४।–खर्च लेखेको छ। कार्यक्रम फरक पारी खर्च लेखेको रू.४९,२९४।-नियम सम्मत देखिएन।

६. **बिल भरपाई बेगर पेश्की फछ्यौटः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) मा पेश्की रकमको बिल भरपाई सहितको विवरण प्राप्त भएपछी कार्यालयले फछ्यौट गर्नु पर्ने उल्लेख छ। वडा नं. १ को गो.भौ.नं. ३२ बाट मिति २०७४/३/१८ मा अ.स.ई. कृष्ण प्रसाद खरेलले कार्यालय सामान खरिद

गर्न रू. ८,७७२।- पेश्की लिएकोमा भौ.नं. ५३ बाट २०७४/३/२७ मा पेश्की फछ्यौट गर्दा सामान खरिद गरेको बिल भरपाई बेगर नै पेश्की फछ्यौट गरेको छ। सामान खरिद वापतको पेश्की सामान नै खरिद नगरी फछ्यौट गरेको मनासिब देखिएन। उक्त रकम निजबाट असूल गरी दाखिला गर्नु पर्दछ।

६.१ वडा नं. ६ को गो.भौ.नं. १५ बाट मिति २०७४/३/६मा स.ई. गोपी बहादुर नेपालीले मोटरबाटो निर्माण वापत रू.७०,०००।-,अपाङ्ग परिचय पत्र वापत रू.३५,०००।-,जेष्ठ नागरिक सम्मान वापत रू.५०,०००।–समेत कुल रू.१,५५,०००।–पेश्की लिएकोमा गो.भौ.नं. ४८ मिति २०७४/३/२९ बाट पेश्की फछ्यौट गर्दा कार्य सम्पन्न गरेको बिल भरपाई, प्रमाण कागजात पेश गरेको छैन। उद्देश्य अनुरूपको कार्य भएको पुष्ट्याई बेगर पेश्की फछ्यौट गरेको उक्त रकम सञ्चित कोष फिर्ता दाखिला गर्नु पर्दछ।

७. **बिल भरपाई पेश नभएको:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३)मा खर्च गर्दा खर्चको भिल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ। वडा नं. ६ को भौ.नं. ३० मिति २०७४।३।१० बाट सामुदायिक परिचालिका क्षमता अभिवृद्धि कार्यक्रम वापतको रू.१२,०००।–सामाजिक परीचालिका अनिता नेम्वाङ्गलाई भुक्तानी गरेकोमा लेखापरीक्षणको समयमा सो को बिल भरपाई पेश गरेको छैन। कार्यक्रम सञ्चालनको बिल भरपाई पेश गर्नु पर्दछ।

८. **अपाङ्ग भत्ता** - भत्ता वितरणमा एक द्वार प्रणाली लागू गर्नु पर्दछ। वडा नं. १ को गो.भौ.नं.३३ मिति २०७४।३।१९ मा लक्षित कार्यक्रम शीर्षक अन्तर्गत अपाङ्गहरुलाई भत्ता वितरण भनी १८ जनालाई रु.२,०००।- का दरले रु.३६,०००।- अपाङ्ग भत्ता खर्च लेखेको छ । सो सम्बन्धमा गाउँ परिषद्बाट वजेटसम्म स्वीकृत गरेको देखियो । जिल्ला विकास सतितिबाट अपाङ्गको लगत खडा गरी पञ्जीकरण विभागमा पठाएको र सोही लगतको आधारमा अपाङ्ग भत्ता जि.वि.स.मार्फत वितरण हुने गरेको छ । गाउँपालिकाले के कस्तो अपाङ्गलाई यस्तो भत्ता दिने निर्णय गरेको हो त्यसको निर्णय एवं भत्ता पाउनेको लगत खडा गरेको देखिएन । विना लगत अपाङ्गलाई भुक्तानी भनी दिएको खर्च रकम वास्तविक अपाङ्गलाई भुक्तानी दिएको हो भन्न सक्ने आधार भएन । एकद्वार प्रणाली मार्फत भत्ता वितरण व्यवस्था गर्नुपर्दछ ।

९. **पेश्की** - स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ मा सरकारी कामको निमित्त पेश्की लिनु पर्दा विवरण खुलाई आवश्यक रकम मात्र पेश्की दिने र उक्त पेश्की नियमावलीले तोकेको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पेश्की बाँकीको विवरण अनुसार कार्यालयले विभिन्न कामको निमित्त गत विगतमा विभिन्न कर्मचारी एवं संस्थालाई दिएको पेश्की रु.८,३१,१७७- हालसम्म पनि फछ्र्यौट गरेको देखिएन । उक्त पेश्की नियम १९० अनुसार आवश्यक कारवाही गरी असुल फछ्र्यौट गर्नुपर्दछ । यो वर्ष विभिन्न कामको लागि दिएको निम्नानुसारको पेश्की रु.१५६६७३६।- २०७४ आषाढ मसान्तसम्म फछ्र्यौट गरेको नदेखिंदा वडा खातामा रहेको रकम गाउँपालिकामा फिर्ता गर्नुपर्ने र व्यक्ति वा संस्थालाई दिएको पेश्की नियमावलीको व्यवस्था अनुसार आवश्यक कारवाही गरी फछ्र्यौट गर्नुपर्दछ ।

| क्र.सं. | पेश्की पाउने | गा.वि.स. | काम | रकम |
|---|---|---|---|---|
| | साविक गा.वि.स. तर्फ | | | |
| १. | गौमुखी विद्युत सहकारी संस्था | साविक थर्पु गा.वि.स. | ग्रामिण विद्युतिकरण | ११२३८५५.०० |
| २. | सचिव भुपराज अधिकारी | साविक ओयाम गा.वि.स. | कन्टिन्जेन्सी | १६७००.०० |
| ३. | सचिव भुपराज अधिकारी | साविक ओयाम गा.वि.स. | जन्म दर्ता | ३५६४४.०० |
| ४. | प्रा.स.सुर्य बहादुर सेलिङ | साविक ओयाम गा.वि.स. | सिलाई मेशिन खरिद | १२000.00 |
| ५. | प्रा.स.सुर्य बहादुर सेलिङ | साविक ओयाम गा.वि.स. | कन्टिन्जेन्सी | ४००००.०० |
| ६. | प्रा.स.सुर्य बहादुर सेलिङ | साविक ओयाम गा.वि.स. | सासु भत्ता वितरण खाजा खर्च | २१०००.०० |
| | गाउँपालिकातर्फ | | | |
| ७. | वडा नं.१ च्याङथापु | गाउँपालिका | बैङ्क बाँकी | १५०५८९.०० |
| ८. | वडा नं.४ थर्पु | गाउँपालिका | बैङ्क बाँकी | १६५९४८.०० |
| ९. | वडा नं.५ हिटिधारा | गाउँपालिका | बैङ्क बाँकी | १०००.०० |
| | | | जम्मा: | १५६६७३६.०० |

चालु वर्षभित्र सम्पन्न गर्नुपर्ने कार्यक्रम नगरी पेश्की बाँकी रहेको मनासिब कारण भए पेश गर्ने अन्यथा पेश्की बाँकी रकम देखिला गर्नुपर्दछ ।

| | |
|---|---|
| | आन्तरिक लेखापरीक्षण बाट देखिएका व्यहोरा: |
| १०. | आ.ले.प.बेरुजू - स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २०२(१) मा आन्तरिक लेखापरीक्षणबाट औल्याइएको बेरुजू अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने उल्लेख छ। आन्तरिक लेखापरीक्षणबाट औल्याएको निम्नानुसारको बेरुजू अन्तिम लेखापरीक्षणको समयसम्म फछ्र्यौट गरेको नदेखिंदा आवश्यक कारवाही गरी फछ्र्यौट गर्नुपर्दछ। |
| १०.१. | आयकर ऐन, २०५८ अनुसार विभिन्न भुक्तानी रकमको कर कट्टी गरी दाखिला गर्नुपर्नेमा वडा नं. १ को विभिन्न भौचरहरूबाट अग्रिम कर रू.१७,१००।–कट्टी गरेको नदेखिंदा उक्त रकम असूल गरी दाखिला गर्नु पर्दछ। |
| १०.२. | वडा नं. २ को भौ.नं. ६ जटिल प्रकारको भौतिक निर्माण कार्य सञ्चालन गर्दा जनशक्तीको उपलब्धता हुन नसकेमा उपभोक्ता समितिबाट सञ्चालित कार्यक्रममा जिल्ला प्राविधिक समितिको अनुमति लिएर मात्र स्काभेटर प्रयोग गर्न सक्ने भएता पनि फलैंचा-धिमाले-तिम्बुपोखरी कृषि सडक निर्माण उ.स.ले रू.३,००,०००।–खर्च गरी निर्माण कार्य गर्दा अनुमति विना नै स्काभेटर (भारी मेशिन) प्रयोग गरेको पाइएकोले आगामी योजनाहरू संचालनमा मेशिन प्रयोगको लागि प्राविधिक समितिको सिफारिस लिई निर्माण कार्य अगाडी बढाउनेतर्फ ध्यान दिनु पर्ने देखिन्छ। |
| १०.३. | ६ नं. वडा कार्यालयले खर्च भएर नजाने प्रकृतिका सामानहरु खरिद गरेपछि स्पेशिफिकेशन खुलाएर खर्च भएर नजाने आम्दानी रजिष्टरमा आम्दानी बाँधी अभिलेख राख्नुपर्नेमा कार्यालय प्रयोजनका लागि १ थान मोटरसाइकल खरिद गरी सोको चेसिस, इन्जिन नं. दाखिला गरेको छैन। साथै उक्त सवारी ऐन नियमले तोकेको समयसम्ममा पनि नामसारी दर्ता गरेको नदेखिंदा नियममा भएको व्यवस्था वमोजिम सवारी दर्ता गरी जिन्सी अभिलेख राख्नु पर्दछ। |
| १०.४. | आर्थिक वर्ष २०७३।७४ फागुन २७ सम्मको आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औल्याएको साविक फलैचा गा.वि.स. को कर रु.५,३३२।- अनिवार्य बैंक दाखिला गर्नुपर्ने देखिन्छ। |
| १०.५. | गो.भौ.नं. २६ वाट मिति २०७३/११/२४ मा श्री सिलसिले नामेक लामपोखरी मो.उ.स.लाई साविक फलैचा गा.वि.स.ले प्राविधिक लगत ईस्टिमेट, कार्यसम्पन्न तथा अन्य कागजात संलग्न नगरी भुक्तानी दिएको रू.५०,०००।–नियमित मान्न सकिएन। |
| १०.६. | साविक नागी गा.वि.स.ले गणेश उच्च मा.वि.लाई आवश्यक प्राविधिक ईस्टिमेट विना भवन निर्माण वापत रू.२,००,०००।–उपलब्ध गराएको नियम सम्मत मान्न सकिएन। नियम र निर्देशिका भएका व्यवस्थाको पालना गर्नु पर्दछ। |
| १०.७. | साविक नागी गा.वि.स. ले आन्तरिक स्रोत वाट उठेको रू.१२,२०६।–तहबिल आम्दानी बाँधी सोझै खर्च लेखेको नियम सम्मत देखिएन। यसरी खर्च गर्ने परीपाटीको अन्त्य हुनुपर्दछ। |
| १०.८. | आ.ब.२०७३।७४ फागुन मसान्त सम्ममा साविक नागी गा.वि.स.को अन्तिम बेंक मौज्दात रहेकोमध्ये साविक लिम्बा गा.वि.स.को चालु खर्च रु.१,८३,०००।- भूलबस नागी गा.वि.स.को कोष खातामा जम्मा भएकोले सो रकम जि.स.स.मा फिर्ता गरी मिक्लाजुङ गाउँपालिकामा जम्मा गर्नु पर्दछ। |
| १०.९. | आयकर ऐन, २०५८ अनुसार साविक ओयाम गा.वि.स.को कट्टी गर्नु पर्ने ग २१३३ चालु खातातर्फ अग्रिम कर रु.६२।-, सा.सु.कर रु.१,९६५।- र क.सं.कोष रु.३६,६५६।- गरी जम्मा रु.३८,६८३।- र ग २२३० पूँजीगत खातातर्फको अग्रिम आयकर रु.८,१८३।- समेत जम्मा रु.४६,८६६।- दाखिला गर्न बाँकी देखिएकोले अविलम्ब दाखिला गर्नुपर्दछ। |
| १०.१०. | साविक ओयाम गा.वि.स.ले आन्तरिक आम्दानीको २०७३ फागुन २७ सम्म उठेको मालपोत रकम रु.६,३८४।- को २५ प्रतिशत रु.१,५९७।- साविक जि.वि.स. हाल जिल्ला समन्वय समितिको खातामा जम्मा गर्नुपर्दछ। |
| १०.११. | साविक ओयाम गा.वि.स. को चालु अनुदानमा कर वापतको रु.७,५१४।- कर दाखिला नभई बैंकमा रहेको रकम दोहोरो बजेट खर्च गरेको देखिएको छ। सो खर्च नियमसंगत नदेखिएकोले सोधभर्ना गरी हिसाब मिलान गर्नुपर्दछ। |

| | |
|---|---|
| १०.१२. | आयकर ऐन, २०५८ अनुसार साविक च्याङथापु गा.वि.स.ले कट्टी गर्नु पर्ने ग २१४६ चालुतर्फ सा.सु.कर रु.१,५८५।- र पारिश्रमिक कर रु.१,००५।- र ग २२३४ पूँजीगत तर्फको अग्रिम आयकर रु.५,१८२।- समेत जम्मा रु.७,७७२।- दाखिला गर्न बाँकी देखिएकोले अविलम्ब दाखिला गर्नुपर्दछ । |
| १०.१३. | साविक च्याङथापु गा.वि.स.ले आन्तरिक आम्दानी २०७३ फागुन २७ सम्म उठेको मालपोत रकम रु.४०,५३८।- को २५ प्रतिशत रकम रु.१०,१३४।- साविक जि.वि.स. हाल जिल्ला समन्वय समितिको खातामा जम्मा गर्न बाँकी देखिएकोले सो रकम अविलम्ब जम्मा गर्नुपर्दछ । |
| १०.१४. | साविक थर्पु गा.वि.स.ले आन्तरिक आम्दानी २०७३ फागुन २७ सम्म उठेको मालपोत रकम रु.९,११९।- को २५ प्रतिशत रकम रु.२,२८०।- साविक जि.वि.स. हाल जिल्ला समन्वय समितिको खातामा जम्मा गर्न बाँकी देखिएकोले सो रकम अविलम्ब जम्मा गर्नुपर्दछ । |
| १०.१५. | साविक थर्पु गा.वि.स. ले आन्तरिक स्रोत बाट उठेको रू.६,०००।–तहबिल आम्दानी बाँधी सोझै खर्च लेखेको नियम सम्मत देखिएन। यसरी खर्च गर्ने परीपाटीको अन्त्य हुनुपर्दछ। |
| | **साविक नागी गाउँ विकास समिति तर्फ (२०७३ श्रावण १ देखि २०७३ फागुन २७ सम्म)** |
| ११. | **फरक प्रयोजनको खर्चः** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७(१) मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने उल्लेख छ। गो.भौ.नं. १० मिति २०७३/१०/१० स्थानीय भाषाको संरक्षण एवं विकासको लागि गाउँ परिषदको निर्णयबाट पारित गरेको स्थानीय भाषा शिक्षण बापतको रू.१,२०,०००।–गणेश माध्यमिक विद्यालयका शिक्षक श्यामकिशोर श्रीवास्तवको तलब भत्तामा खर्च गरेको नियमसम्मत देखिएन। |
| ११.१ | गो.भौ.नं. १५ मिति २०७३/११/८ मा भानु आधारभुत विद्यालयको लागि गाउँ परिषदको निर्णयबाट पारित बालबालिकाको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम बापतको रू.५०,०००।–भानु आधारभुत विद्यालयको भवन प्लाष्टर कार्यमा खर्च गरेको नियमसम्मत देखिएन। |
| ११.२ | गो.भौ.नं. १९ मिति २०७३/११/२३ मा श्री जनचेतना आधारभूत विद्यालयको पुस्तकालय व्यवस्थापनको लागि गाउँ परिषदको निर्णयबाट पारित रू.१,४६,०००।–रकम बाट विद्यालय क्षेत्र वरीपरी तारजाली लगाउने तथा ढुङ्गा भर्ने कार्य गराएको नियमसम्मत देखिएन। |
| | **साविक ओयाम गाउँ विकास समिति तर्फ (२०७३ श्रावण १ देखि २०७३ फागुन २७ सम्म)** |
| १२. | **बिल भरपाई भन्दा बढी खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३)मा खर्च गर्दा खर्चको भिल भरपाई सहित लेखा राख्नुपर्ने उल्लेख छ। गो.भौ.नं. ८ मिति २०७३/८/३० मा नेपाल आदिवासी जनजाती महासंघ गाऊँ समन्वय परिषद्, ओयाम, पाँचथरले २०७३/८/२४ र २५ गते सम्पन्न गरेको ILO 1969 सम्बन्धी अभिमुखिकरण कार्यक्रममा कुल रू.१,३७,५९४।–खर्च भएको विल भरपाई पेश गरेकोमा गा.वि.स. सचिव भूपराज अधिकारीले रू.१,९२,६४४।–भुक्तानी गरेको देखियो। विल भरपाई भन्दा बढी भुक्तानी गरेको रू.५५,०५०।–सम्वन्धित बाट असूल गरी दाखिला गर्नु पर्दछ। |
| | **साविक च्याङ्थापु गाउँ विकास समिति तर्फ (२०७३ श्रावण १ देखि २०७३ फागुन २७ सम्म)** |
| १३. | **विपत् व्यवस्थापनको रकमः** साविकका कार्यालय अन्तर्गत रहेका विभिन्न खाताका रकमहरू कार्यालय गाभिएपछी गाभिएको कार्यालयको खातामा ट्रान्सफर गर्नु पर्दछ। भौ.नं. ४४ बाट च्याङ्थापु गाउँ विकास समितिलाई गा.वि.स. अनुदान बाट प्राप्त रू.१,००,०००।–गा.वि.स.को विपत व्यवस्थापन कोष खातामा रहेकोमा उक्त रकम गाउँपालिकाको खातामा ट्रान्सफर हुनु पर्दछ। |
| | **साविक थर्पु गाउँ विकास समिति तर्फ (२०७३ श्रावण १ देखि २०७३ फागुन २७ सम्म)** |
| १४. | **फ्रिज गर्नु पर्ने रकमः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६(६)मा नेपाल सरकार बाट प्राप्त कुनै अनुदान रकम फ्रिज गर्नुपर्ने भए फ्रिज गर्ने प्रयोजनका निमित्त सम्वन्धित निकायमा |

| | |
|---|---|
| | फिर्ता पठाउनु पर्ने उल्लेख छ। साविक थर्पु गा.वि.स. को आ.व.२०६८/६९ को अन्तिम लेखापरीक्षणबाट रकम फ्रिज गर्नु पर्ने भनि औल्याइएको केन्द्रिय अनुदानको रू.७७,०८०।७० लेखापरीक्षणको अवधी २०७४/७/२३ सम्म पनि फ्रिज नगरी हरेक वर्ष अल्या गरी आम्दानी मात्र बाँधेको देखियो। उक्त रकम अविलम्ब केन्द्रिय संचित कोषमा फिर्ता दाखिला गर्नु पर्दछ। |
| १५. | **कारोबारको लेखा** - प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गत वडा कार्यालय तथा साविकका ५ वटै गाउँ विकास समितिहरुले २०७३ फागुन २७ सम्मको बैंक नगदी किताबमा जोड जम्मा नगरेको, खर्चको फाँटवारी (म.ले.प.फा.नं.१३), पेश्की बाँकीको विवरण (म.ले.प.फा.नं.१४) नबनाएको साथै बैक नगदी किताब, जिन्सी खाता समेत प्रमाणित गरेको देखिएन । जसबाट आर्थिक कारोबार नियमसंगत नै भएको छ भन्न सकिएन । यस सम्वन्धमा तालुक कार्यालयले वडा मार्फत हुने आर्थिक कारोबारलाई नियन्त्रण गर्नुपर्दछ । |

## स्रोत उपयोग र उपलब्धिको विवरण

(हाल कायम भएको गाउपालिकामा प्रयोग गर्ने )

| क.सं. | स्रोत | | मुख्य उपलब्धिहरु | |
|---|---|---|---|---|
| १ | यस वर्षको आम्दानी | ६५९०५७९७.८७ | बजेट खर्च | ५३७६३९४९.०० |
| २ | कर्मचारी संख्या (वडा समेत) | १५ | जि.वि.स.फिर्ता | ५४५९३६०.४६ |
| ३ | भौतिक पूर्वाधार: | | बाँकी | ६६८२४८८.४१ |
| | • भवन संख्या | १ | कार्यक्रम उपलब्धि | |
| | • सवारी साधन संख्या<br>▪ मोटरसाइकल | ६ | • पञ्जिकरण कार्य, सिफारिस<br>• सामाजिक सुरक्षा भत्ता वितरण<br>• वृद्ध सम्मान् | |

## बेरुजू वर्गीकरण

| क.सं. | बेरुजू वर्गीकरण | दफा नं. | रकम |
|---|---|---|---|
| १ | असुल गर्नुपर्ने | ६, ६.१, १०.१, १०.४, १०.९, १०.१२, १२ | २५६६४६.०० |
| २ | नियमित गर्नुपर्ने | | ० |
| | • अनियमित भएको | ५, १०.५, १०.६, १०.७, १०.१५, ११, ११.१, ११.२ | ६३३५००.०० |
| | • प्रमाण कागजात पेस नभएको | १, ७, १०.८, १०.९, १०.१०, १०.११, १०.१३, १०.१४, १३, १४ | १०२९२२४.०० |
| | • जिम्मेवारी नसारेको | | ० |
| | • शोधभर्ना नलिएको | | ० |
| ३ | पेश्की: | | ० |
| | • कर्मचारी | ९ | १२५३४४.०० |
| | • मोबिलाइजेसन | ९ | १४४१३९२.०० |
| | • प्रतीतपत्र | | ० |
| | • संस्थागत | | ० |
| ४ | सैद्धान्तिक | २, ३, ४, ८, १०.२, १०.३, १५ | ० |
| | जम्मा: | | ३४८६१०६.०० |